# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड : ३ संख्या : १ बैशाख ८, २०८०**

## भाग-३

## <u>सूचना</u>

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८०/०१/०७ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

| निर्णय नं. | निर्णय |
|---|---|
| १ | यस भन्दा अगाडी कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको छलफल तथा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक पाइयो । |
| २ | गुल्मीदरबार गाउँपालिकाको मेरी आमा स्वस्थ्य आमा कार्यक्रम सम्बन्धी कार्यविधि, २०८० स्वीकृत गर्ने निर्णय गरियो । |
| ३ | गुल्मीदरबार गाउँपालिकामा सञ्चालन भएको कृषि तथा पशुउद्यम विकास परियोजना(हेफर) कार्यक्रम सञ्चालनको लागि रु.४००००००।-(चालिस लाख) पेश्की लगेकोमा सो पेश्की फर्छ्यौट पश्चात थप अधिकतम रु.८००००००।-(असी लाख) सम्म पेश्की दिने निर्णय गरियो। |
| ४ | गुल्मीदरबार गाउँपालिकाको केन्द्रमा प्रहरी चौकी स्थापनाको लागि स्वीकृत भएको हुँदा प्रहरी चौकी स्थापनाको लागि आवश्यक जग्गा व्यवस्थापनको लागि तपशिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।<br>**तपशिलः**<br>संयोजक श्री राम बहादुर थापा वडा अध्यक्ष वडा नं. ३<br>सदस्य श्री पदम कार्की नेपाली काँग्रेस<br>सदस्य श्री प्रेम बहादुर घिमिरे नेकपा एमाले<br>सदस्य श्री शेर बहादुर सर्तुङ्गी नेकपा माओबादी<br>सदस्य श्री राजु अर्याल इन्जिनियर<br>सदस्य सचिव श्री टंक प्रसाद पन्थी अधिकृत, प्रशासन योजना तथा अनुगमन शाखा |
| ५ | संघीय सरकारबाट हस्तानतरित कार्यक्रम अन्तर्गत नविकरणीय उर्जा प्रविधि जडान शिर्षकमा रहेको रु.८०००००।- बाट सौर्य सडक बत्तीहरु खरिद गर्ने निर्णय गरियो |
| ६ | गुल्मीदरबार गाउँपालिकाबाट आ.व. २०७९/८० मा विनयोजित योजना तथा कार्यक्रम र १२औं गाउँसभाबाट संशोधित योजना तथा कार्यक्रमहरुको उपभोक्ता समिति गठन र लागत स्टिमेट तयारी गरि मिति २०८०/०१/२५ गतेसम्म सम्झौता गरिसक्नु पर्ने छ । तोकीयको समय पश्चात उपभोक्ता समिति मार्फत हुने कुनै पनि योजनाको सम्झौता नगर्ने निर्णय गरियो। |
| ७ | गुल्मीदरबार गाउँपालिकाबाट यस अघि सम्झौता भइ २०७९/१२/३० गतेसम्म सम्पन्न गर्नु पर्ने समयसिमा भएका योजनाहरु मध्ये केहि योजनाहरु सम्पन्न हुन नसकेको हुँदा उक्त योजनाहरुको म्याद २०८०/०१/३० सम्म थप गर्ने निर्णय गरियो । |
| ८ | गुल्मीदरबार गाउँपालिकाको रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार संयोजक पद मिति २०७९/१२/२६ गते देखि रिक्त रहेको हुँदा उक्त पदमा पदपूर्तिका लागि रोजगार संयोजक पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ को दफा ६ बमोजिमको पदपूर्ति समिति तपशिल बमोजिम गठन गर्ने निर्णय गरियो।<br>तपशिलः<br>संयोजक श्री हरिप्रसाद अर्याल प्र.प्र.अधिकृत रेसुङ्गा नगरपालिका, गुल्मी<br>सदस्य श्री टंकप्रसाद पन्थी अधिकृत प्रशासन, योजना तथा अनुगमन शाखा<br>सदस्य सचिव श्री राजिव पन्थी प्रमुख प्रशासकीय अधिकृत |

| | |
|---|---|
| ९ | गुल्मीदरबार गाउँपालिकाबाट संस्थागत सहयोगका लागि प्राप्त निवेदनहरुमा गाउँ कार्यपालिकाबाट निर्णय पश्चात रकम दिने गरिएकोमा रु.२००००।- सम्म गाउँ कार्यपालिकाबाट पछि अनुमोदन गर्ने गरि अध्यक्षको तोक आदेशमा उपलब्ध गराउन सकिने निर्णय गरियो । |
| १० | गुल्मीदरबार गाउँपालिका वडा नं. ६ मा रहेको पारिपानी पँधेरो मर्मतका लागि भू-संरक्षण शिर्षकमा रहेको रकमबाट रु. १०००००।- उपलब्ध गराउने निर्णय गरियो । |
| ११ | गुल्मीदरबार गाउँपालिका वडा नं. ४ मा रहेको उखारीखोला तल्लार नयाँकुलो मर्मत र गुल्मीदरबार गाउँपालिका वडा नं. ७ मा रहेको रिपाहाखर्क गैरीखेत कुलो निर्माणका लागि सिंचाई शिर्षकमा रहेको रकम मध्येबाट दुबै योजनाको लागि रु. १०००००/१०००००।- रकम उपलब्ध गराउने निर्णय गरियो । |
| १२ | गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाबाट गठन भएका विभिन्न समितिहरुमा रिक्त भएका पदहरुमा तपशिल बमोजिमका पदाधिकारीहरु पूर्ति गर्ने निर्णय गरियो ।<br>तपशिलः<br>१. राजश्व परामर्श समितिको सदस्य सचिवमा श्री प्रकाश थापा<br>२. वन, वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजकमा श्री देविराम पोखेल<br>३. वित्तिय व्यवस्थापन समितिको सदस्य सचिवमा श्री टेकराज गिरी<br>४. पूर्वाधार विकास समितिको सदस्यमा श्री गुणानिधि पौडेल |
| १३ | गुल्मीदरबार गाउँपालिका वडा नं. ७ मा रहेको दरबार देविस्थान स्वास्थ्य चौकीको भवन निर्माणको लागि डिल बहादुरको नाति भिमक बहादुर कार्कीको छोरा साविक दरबार देविस्थान वडा नं. ५ हाल गुल्मीदरबार गाउँपालिका वडा नं. ७ बस्ने पृथ बहादुर कार्कीले मिति २०७२/०२/१० गते दानपत्र दिन कित्ताकाट गर्दा कि.नं.७२४ पाखो सिम क्षेत्रफल ३-५-१-२ मध्येबाट कित्ता काट गरि २-२-०-२ दरबार देविस्थान स्वास्थ्य चौकीको नाममा रजिस्ट्रेसन पारित भएको । निज पृथ बहादुर कार्कीको मिति २०७५/०२/३१ मा मृत्यु भइसकेको तर यसरी रजिस्ट्रेसन पारित गरेको जग्गा फरक परेको हुँदा स्वास्थ्य चौकीका नाममा कायम भएको कि.नं. ८६८ पाखो सिम क्षेत्रफल २-२-०-२ बाट सम्बन्धित जग्गा धनिलाई क्षेत्रफल १-२-२-२ फिर्ता दिनुपर्ने र पृथ बहादुर कार्कीका नाममा कायम भएको कि.नं.८७० पाखो सिम क्षेत्रफल १-१-३-० बाट १-०-०-० जग्गा दरबार देविस्थान स्वास्थ्य चौकीलाई उपलब्ध गराउनु पर्ने गाउँ सर्जमिन मुचुल्काबाट समेत देखिएको हुँदा फरक परेको जग्गा सट्टापट्टाको लागि सम्बन्धित निकायमा आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । |
| १४ | गुल्मीदरबार गाउँपालिकामा निर्माणाधिन १५ बेडको अस्पताल निर्माणको काम अन्तिम चरणमा रहेको हुँदा हालसम्मको रनिङ्ग बिल भुक्तानी गरि नपुग रकम माग गर्ने, धर्मसंस्कृति संरक्षण कार्यक्रम लाखे नाचको संरक्षण तथा व्यवस्थापन वडा नं. ५, ६ र ७ को लागि रु.३५०००।-कार्यक्रम खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो । |

आज्ञाले,

(राजिव पन्थी)

प्रमुख प्रशासकीय अधिकृत